तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
का.बै.सं.२२/०७५/०७६(५८) मितिः २०७५/१२/०५गते ।

प्रस्तावहरु:

१. सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूद्वारा उद्‌घाटन हुने **"बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजन कार्यालय"** कार्यक्रम व्यवस्थापन सम्बन्धमा ।

२. चालु आर्थिक वर्षका नदीजन्य पदार्थको उत्खनन् तथा विक्री वितरण सम्बन्धी ठेक्का स्वीकृत सम्बन्धमा ।

३. ५ नं. प्रदेश सरकार समपूरक कोषबाट आ.व. २०७६/०७७ मा संचालन हुने आयोजनाहरुको छनौट सम्बन्धमा ।

४. आ.व. ०७६/०७७ को लागि बजेट तर्जुमा सम्बन्धी कार्ययोजना स्वीकृत सम्बन्धमा ।

५. नगरपालिका भित्र कार्यरत मजदुर तथा श्रमिकहरुको लगत संकलन गर्ने सम्बन्धमा ।

६. जग्गा सिफारिस सम्बन्धमा (नेपाल सरकार गृह मन्त्रालय **"लागू औषध सेवन कर्ताहरुलाई खुल्ला नियन्त्रणमा राखी लागू औषध विरुद्ध मनोपरामर्श र पुनर्स्थापना केन्द्र"** र वडा नं.-६ स्थित तिलोत्तमा बहुआयामिक खेलमैदान निर्माणका लागि) ।

७. तिलोत्तमा सिटी कलेज व्यवस्थापन समिति गठन सम्बन्धमा ।

८. गाईबस्तुको घटना दर्ता तथा तथ्याङ्क अद्यावधिक सम्बन्धमा ।

९. करारमा रहेका कर्मचारीहरुको पोशाक भत्ता स्वीकृति सम्बन्धमा ।

१०. राष्ट्रव्यापी वृहत् मुक्तक महोत्सव (तिलोत्तमा साहित्य कला संगीत-प्रतिष्ठान) ।

११. मणिग्राम हाट बजार व्यवस्थापन सम्बन्धमा ।

१२. रगतको प्रयोगशाला शुल्क सम्बन्धमा ।

१३. कानुनी सल्लाहाकारको सेवा सुविधा सम्बन्धमा ।

१४. निर्माण सम्पन्न घरहरुको प्रमाणपत्र स्क्यान गरी डिजिटलाईट गर्ने ।

१५. मेलमिलापकर्ता सूचिकृत गर्ने सम्बन्धमा ।

१६. सिचाई कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

१७. सार्वजनिक निजी साझेदारी समिति र ईकाई गठन सम्बन्धमा ।

१८. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

१९. **"गरिवी निवारणका लागि लघु उद्यम विकास"** कार्यक्रम संचालन सम्बन्धमा ।

२०. विविध ।

निर्णय नं. १

- सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूद्धारा उद्घाटन हुने **"बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना"** (तिलोत्तमा नगरपालिका- १, नयाँमिल चोक हुँदै प्यारामाउण्ट स्कुल नजिक) उद्घाटन कार्यक्रम सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) देहाय बमोजिमको समिति गठन गर्ने ।

**कार्यक्रम व्यवस्थापन समिति**

१. **संयोजक** - श्री तामानाथ पाण्डे (अध्यक्ष वडा नं. १)

२. **सदस्य** - श्री दधिराम गौतम (अध्यक्ष वडा नं. २)

३. **सदस्य** - श्री कृष्णप्रसाद पौडेल (अध्यक्ष वडा नं. ८)

४. **सदस्य** - श्री नारायण न्यौपान (अध्यक्ष वडा नं. ९)

५. **सदस्य** - श्री गायत्री पाण्डे (कार्यपालिका सदस्य )

६. **सदस्य** - श्री सुरेन्द्र श्री विश्वकर्मा (कार्यपालिका सदस्य)

७. **सदस्य** - श्री सीता भण्डारी (अधिकृत छैठौं)

८. **सदस्य** - श्री वीपी गौतम प्रेस सल्लाहकार

**ख) उक्त समितिले देहाय बमोजिमका कार्यहरु सम्पादन गर्ने :**

- नगरपालिकाकालाई पर्ने व्यय-भारको "खर्च योजना" बनाई नगरप्रमुखबाट स्वीकृत गराउने र खर्चमा अत्यन्त मितव्ययिता अपनाउने र सम्बन्धित आयोजना कार्यालयसँगको समन्वयमा दोहोरा खर्च हटाउने ।
- कार्यक्रम स्थलमा आकर्षक र व्यवस्थित किसिमको मञ्च निर्माण, सोफा, टि टेवल, फूल, पानी, उद्घाटन सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- साउण्ड सिस्टम, कुर्सी, खाने पानी, स्थानीय फूल माला व्यवस्थापन लगायतका मंच सजावट, संचारकर्मी बस्ने स्थान, सहभागीहरु बस्ने ठाउँ लगायतका सम्पूर्ण कामहरु गर्ने ।

**ग) स्वागतद्धार निर्माण :**

- तिलोत्तमा नगरपालिकाको वडा नं.-१ को नयाँमिल चोक देखि पूर्वतर्फको मुख्य सडक देखि करिब ५०० मिटर आसपासमा नगरपालिकाको नामबाट "स्वागतद्धार" निर्माण गर्ने ।

**घ) जनसहभागिता परिचालन :**

- नगर भित्रका सबै टोल विकास, आमा समूह, युवा क्लव, संघ-संस्थाहरुसँग समन्वय गरी कार्यक्रममा सहभागी हुने व्यवस्था मिलाउने ।

- वडा समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी कार्यरत संस्थामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था मिलाई कार्यक्रममा उपस्थित हुन सर्कुलर गर्ने ।
- जनसहभागिता परिचालनका अन्य उपायहरु पहिचान ।

ङ) **सुरक्षा निकाय समन्वय :**

- सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमण कार्यक्रमलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि स्थानीय सुरक्षा निकायसँग समन्वय गर्ने ।

**निर्णय नं.- २**

- तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थको ठेक्का प्रक्रियाबाट राजस्व संकलन गर्ने कार्यको लागि ०७५।१०।२१ मा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्र मध्ये बोलपत्र मूल्याङ्कन समितिको ०७५।११।२६ को सिफारिस अनुसार देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) ठेक्का नं. १५।०७५।०७६ तिनाउ नदीको पहुँनी घाटको १२२९४६० घनफुट नदीजन्य पदार्थ उत्खनन् गरी विक्रि विवरण गर्ने कार्यको लागि सवैभन्दा बढी कवोल गर्ने **विवेक कन्ट्रक्सन बुटवल-१४ रुपन्देहीको** मू.अ.कर बाहेक रु.२८३७५५६५। (अक्षेरुपी दुई करोड त्रीयासी लाख पचहत्तर हजार पाँच सय पैसठ्ठी मात्र) को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

ख) ठेक्का नं.१७।०७५।०७६ सुखौरा खोलाको सेक्सन १-९ को २०६४८९१ घनफुट नदीजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण गर्ने कार्यको लागि सवैभन्दा बढी कवोल गर्ने **आचार्य विल्डर्स बाग्लुङ्ग ११** को मू.अ.कर बाहेक रु.२५५५५५५५। (अक्षेरुपी दुई करोड पचपन्न लाख पचपन्न हजार पाँच सय पचपन्न मात्र) को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

ग) ठेक्का नं.१६।०७५।०७६ तिनाउ नदीको हरपुर र सेमरी घाटको २२१४६१७ घनफुट नदीजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण गर्ने कार्यको लागि सबै भन्दा वढी कवोल गर्ने **विवेक कन्सट्रक्सन बुटवल-१४** को मु.अ.कर बाहेक रु.५२०९३०००। (अक्षेरुपी पाँच करोड बीस लाख त्रियानब्बे हजार मात्र) ठेक्का सम्बन्धमा उच्च अदालत तुल्सीपुर बुटवल इजलासबाट मिति ०७५।१२।०४ मा हाललाई ठेक्का स्वीकृती सम्बन्धी कुनै पनि कार्य नगर्नु नगराउनु भनी आदेश प्राप्त भएको हुँदा हाललाई सो ठेक्का स्वीकृत नगरी कानूनी प्रतिउत्तर लगाउनका लागि कानूनी सल्लाहकार श्री खुमाकान्त पौडेललाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

- **नदीजन्य पदार्थ उत्खनन् तथा यान्त्रीक उपकरण प्रयोगका लागि देहाय बमोजिमको प्राविधिक बोर्ड गठन गरियो ।**

**संयोजक -** श्री बासुदेव घिमिरे (नगर प्रमुख)

**सदस्य** - श्री युवराज कण्डेल (स्वतन्त्र बातावरण विद्, ति.न.पा.-८)

**सदस्य** - ई. श्री प्रदिप वन ।

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

निर्णय नं. ३

- ५ नं. प्रदेश सरकार समपूरक अनुदान व्यवस्थापन कार्यविधि २०७५ को दफा ३ को अधिनमा रही देहायका आयोजनाहरुको प्राथमिकताक्रम अनुसार लागत ईस्टिमेट, विस्तृत परियोजना प्रस्ताव (Detail Project Report) सहित ५ नं. प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष आ.व. २०७६/०७७ का लागि देहायका आयोजना प्रस्ताव गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | प्रदेश सरकारसँग प्रस्तावित बजेट | वडा | कैफियत |
|---|---|---|---|---|
| १ | सेमरा मुडियारी सडक | ५० लाख | ७, १७ | |
| २ | तिलोत्तमा सिटी कलेज | १ करोड | १४ | |
| ३ | रगरगञ्ज कोचाड पक्की पुल | ५० लाख | १४ | |
| ४ | मणिग्राम हाटबजार निर्माण | ५० लाख | ५, ६ | |
| ५ | पत्थरडाँडा बिहुली बरौलिया सडक | १ करोड | १५, १६, १७ | |
| ६ | गंगोलिया डङ्गरमरवा सडक | ५० लाख | १७ | |
| ७ | शिवपुर- मक्रहर- वेवरा सडक | १ करोड | १०, ११, १२ | |
| ८ | चिउरा मिल- ठठरिहवा सडक | ५० लाख | १७ | |
| ९ | कुञ्जपथ - पूर्व पहुनी सडक | १ करोड | ६ | |
| १० | जनभावना गेटबाट कोरियन स्कुल हुँदै वडा नं. ११ जाने सडक | ५० लाख | ८ | |
| ११ | जवरटोल - जितपुर सडक | १ करोड | १४ | |

कार्यविधिको दफा ७ बमोजिम आयोजनाको लागत ईस्टिमेट र परियोजना प्रस्ताव तयारका प्रतिवेदन तयार पारी वैशाख १५ गते भित्र ५ नं प्रदेश सरकार समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

- **आ.व. ०७६/०७७ को लागि बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहाय बमोजिमको कार्ययोजना निर्माण गरियो ।**

| सि.नं | क्रियाकलाप | प्रस्तावित मिति | |
|---|---|---|---|
| १ | राजस्व सम्भाव्यता अध्ययन कार्यशाला | २०७५।१२।०९ | प्र.प्र.अ. |
| २ | विषयगत समितिको वैठक र नीतिगत छलफल | २०७५।१२।२० | विषयगत समिति प्रमुख |
| ३ | राजश्व परामर्श समितिको वैठक र अन्तिम प्रतिवेदन | २०७६।१।३ | उपप्रमुख/ राजस्व अधिकृत |
| ४ | बजेट समीक्षा कार्यक्रम | २०७५।०१।०३ | शाखा प्रमुख प्र.प्र.अ. |
| ५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको | २०७६।०१।०४ | प्र.प्र.अ. |

| | | | |
|---|---|---|---|
| | वैठक र बजेटको सीमा निर्धारण | | |
| ६ | पूर्व बजेट छलफल कार्यक्रम | २०७६।१।५ | प्रमुख, शा.प्र.।प्र.प्र.अ. |
| ७ | वडागत बजेट सिलिङ्ग निर्धारण | २०७६।०१।९ | योजना शाखा |
| ८ | बजेट तर्जुमा मार्गदर्शन निर्माण | २०७६।०१।९ | प्र.प्र.अ. |
| ९ | बजेट तर्जुमा र मार्गदर्शन र सिलिङ्ग अनुमोदन | २०७६।०१।१० | प्र.प्र.अ. |
| १० | वडागत सिलिङ्ग र बजेट तर्जुमा मार्ग निर्देशन पठाउने । | २०७६।१।११-१५ | प्र.प्र.अ. |
| ११ | वडागत बजेट निर्माण सहजीकरण टोली गठन र वडागत बजेट तर्जुमा समय सारिणी निर्माण | २०७६।१।११-१५ | प्र.प्र.अ. |
| १२ | वस्तिस्तरका योजनाहरु छनौट (वडा कार्यालय) | २०७६।१।१५-१।३० | वडा समिति |
| १३ | वडा समितिबाट वडास्तरीय योजनाहरु प्राथमिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने । | २०७६।१।१५-१।३० | वडा समिति |
| १४ | विषयगत समितिमा छलफल गर्ने | २०७६।२।१-२।६ | समिति प्रमुख |
| १५ | विषयगत समितिबाट पारित भएका योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी प्रमुख समक्ष पेस गर्ने । | २०७६।०२।०७ | प्र.प्र.अ. |
| १६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल । | २०७६।०२।०८ | प्र.प्र.अ. |
| १७ | कार्यपालिकाको बैठक, बजेट, योजना नीति तथा कार्यक्रम स्वीकृत । | २०७६।०२।१० | प्र.प्र.अ. |
| १८ | नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत | २०७६।०२।२० | नगर प्रमुख |
| १९ | कार्यपालिकाको बैठक र नगरसभाबाट आएका सुझावहरुमाथि छलफल र बजेट परिमार्जन । | २०७६।०२।२५ | प्र.प्र.अ. |
| २० | नगरसभामा बजेट प्रस्तुत । | कार्यपालिकाले तोके बमोजिम गर्ने । | |

- माथि उल्लेखित क्रियाकलापका अतिरिक्त आवश्यकता अनुसार थप बैठक तथा परामर्श गर्न सकिने ।
- बजेट तर्जुमा अवधिभर बजेट तर्जुमा कार्यमा संलग्न कर्मचारीहरुलाई विद्युतीय हाजिरी र कार्यसम्पादन प्रतिवेदनका आधारमा नियमानुसार अतिरिक्त भत्ता उपलब्ध गराइने ।

**निर्णय ५**

- तिलोत्तमा नगरपालिका भित्रका विभिन्न उत्पादनमूलक, खानी तथा निर्माणजन्य औद्योगिक प्रतिष्ठान, होटल, पर्यटन, सञ्चार लगायतका विभिन्न संघ संस्थामा ज्यालादारी अस्थायी रुपमा कार्यरत श्रमिक तथा मजदूरहरुको लगत संकलन गर्ने कार्यको जिम्मेवारी सरोकारवाला नियकासँग समन्वय गरी सम्बन्धित वडा कार्यालयलाई दिने र उक्त कार्यलाई आर्थिक विकास र सूचना प्रविधि शाखाले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

**निर्णय ६**

- नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको "**लागू औषध सेवनकर्ताहरुलाई खुला नियन्त्रणमा राखी लागू औषध विरुद्ध मनोपरामर्श र पुनस्थापना केन्द्र**" स्थापनाका लागि वडा कार्यालयको सिफारिस सहित जग्गा माग भई आएकोमा वडा नं. ४ को तिनाउ नदी उभार

क्षेत्र मध्ये भू.पू. सैनिकको जग्गादेखि पश्चिम उत्तर सिमानगर हाट बजार चौरदेखि दक्षिण तिनाउ खोला पूर्वको करिब २ विगाहा जग्गा उपलब्ध गराउन नेपाल सरकार गृह मन्त्रालय, श्री जिल्ला प्रशासन कार्यालय रुपन्देही, मालपोत कार्यालय रुपन्देही र अन्य सम्बन्धित निकायमा सिफारिस गर्ने । साथै, वडा नं.-६ स्थित तिलोत्तमा बहुआयामिक खेलमैदान तथा पार्क निर्माणका लागि वडा कार्यालयको सिफारिस पश्चात आवश्यक जग्गा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय ७

- तिलोत्तमा नगरपालिका वडा नं.-१४ मा प्रस्तावित तिलोत्तमा सिटी कलेज संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तिलोत्तमा सिटी कलेज संचालन तथा व्यवस्थापन समिति :**

**संयोजक** - श्री बासुदेव घिमिरे (नगर-प्रमुख)
**सदस्य** - श्री जगेश्वर देवी चौधरी नगर (उप-प्रमुख)
**सदस्य** - श्री सोहन प्रसाद थारु (कार्यपालिका सदस्य)
**सदस्य** - श्री दामोदर भुसाल (प्राचार्य)
**सदस्य** - श्री भगवती घिमिरे
**सदस्य** - अजय चौधरी
**सदस्य सचिव** - श्री शिक्षा शाखा प्रमुख ।

उक्त समितिले सम्बन्धित निकायसँग समन्वय गरी सम्बन्धन स्वीकृती प्राप्त लगायतका व्यवस्थापकीय कार्य गर्ने ।

निर्णय ८

- तिलोत्तमा नगरपालिकाद्धारा गठित गाईबस्तुको घटना दर्ता तथा तथ्याङ्क अद्यावधिक कार्यन्वयन समितिले हालसम्म गरेका कार्यको प्रतिवेदन २०७५।१२।२५ गते सम्म पेश गर्ने । तोकिएको समयावधिभित्र प्रतिवेदन पेश नगरेमा नगर कार्यपालिकाद्धारा लिखित रुपमा स्पष्टिकरण सोध्ने निर्णय गरियो ।

निर्णय ९

- तिलोत्तमा नगरपालिका भित्र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले निजामती सेवाका कर्मचारीहरुलाई उपलब्ध गराए सरहको वार्षिक पोषाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय १०

- तिलोत्तमा साहित्य तथा कला प्रतिष्ठानले आयोजना गर्न लागेको राष्ट्रव्यापी बृहत मुक्तक महोत्सवका लागि ब.शी.नं. ६०१०(२२५२२) कार्यक्रम खर्च शीर्षकबाट रु.२,००,०००। (

अक्षेरुपी रु.दुई लाख) उपलब्ध गराउने निर्णय गरियो साथै, उक्त संस्थाले प्रचलित कानून अनुसारका विल भरपाई कार्यसम्पन्न प्रतिवेदन पश्चात भुक्तानी दिने ।

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

निर्णय ११

- तिलोत्तमा नगरपालिकाको वडा नं.-६ मा अवस्थित शान्ति नमूना माध्यमिक विद्यालयको नाममा रहेको हाट बजारलाई कार्यापालिकाको पूर्व निर्णयानुसार स्थानान्तरण एवम् व्यवस्थापन गर्ने कार्य वडा नं.-५ र वडा नं.-६ का वडा अध्यक्षज्यूहरुले गर्ने । साथै साविक आनन्दवन गा.वि.स. र शान्ति नमूना माध्यमिक विद्यालयबीचको हाटबजारबाट प्राप्त रकम शान्ति स्कुललाई शोधभर्ना दिने सम्बन्धी सम्झौतालाई प्रचलित कानूनको अधिनमा रही पुनरावलोकन गर्ने ।

निर्णय १२

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्यको हकलाई टेवा पुऱ्याउन एवम् अत्यावश्यक वस्तुको रुपमा रहेको रगतको प्राप्तिलाई सहज बनाउनको लागि नगरपालिका भित्रका नागरिकहरुका लागि देहाय बमोजिम रक्तसंचार सुविधा उपलब्ध गराउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिका भित्रका स्थायी बासिन्दाले आवश्यक रगतको प्राप्ति गर्दा लाग्ने प्रयोगशाला शुल्कको भरपाई, वडा कार्यालयको सिफारिस एवम् सम्बन्धित अस्पताल एवम् स्वास्थ्य केन्द्रमा उपचार रहेको प्रमाण खुल्ने अन्य कागजातहरुका आधारमा रकम भुक्तानी दिने र वडाको सिफारिसमा कुनै पनि प्रकारको सिफारिस दस्तुर नलिने ।

निर्णय १३

- तिलोत्तमा नगरपालिका स्थापना भए पश्चात् निरन्तर रुपमा कानूनी सल्लाह प्रदान गरिरहनु भएका अधिवक्ता श्री खुमकान्त पौडेललाई मिति २०७६।०१।०१ गतेदेखि लागू हुने गरी एकमुष्ठ रु.३०,५००।- मासिक पारिश्रमिक उपलब्ध गराउने साथै, निजको TOR नगरपालिकाले तोक्ने निर्णय गरियो ।

निर्णय १४

- नगरपालिकाको घर जग्गा प्रशासनलाई प्रणालीमा आधारित बनाउनको लागि पहिलो चरणमा देहाय बमोजिम गर्ने ।

क) नगर क्षेत्र भित्रका सम्पन्न घरहरुको प्रमाणपत्रहरु स्क्यान गरी डिजिटलाईट गर्ने ।

ख) डिजिटलाईट गर्नको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया सूचना प्रविधि शाखाबाट अगाडि बढाउने ।

## निर्णय १५

- स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ४९ अनुसार मेलमिलापकर्ता सूचिकृत हुने सूचना प्रकाशित गर्ने साथै सम्बन्धित वडा अध्यक्षले उक्त सूचनाको टोल विकास संस्था स्थानीय संघ संस्था मार्फत प्रभावकारी रुपमा सम्प्रेषण गर्ने मिलाउने निर्णय गरियो । साथै यस सम्बन्धी अन्य व्यवस्था न्यायिक समितिबाट सम्पादन गर्ने निर्णय गरियो ।

## निर्णय १६

- चालू आ.व.को सिचाइ कार्यक्रम अनुसार भैलुभुजा, १६, ३६ सिचाई प्रणाली लगायतका सिचाई सम्बन्धित संरचना मर्मत संहार व.शी.नं. ३०२० (८) र सिचाई बोरिङ अनुदान कार्यक्रम ब.शी.नं. ३०२० (४) मा रहेको कार्यक्रमलाई सम्बन्धित सरोकारवाला किसानहरु समक्ष सूचना सम्प्रेषण हुने व्यवस्था मिलाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

## निर्णय १७

- तिलोत्तमा नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐनको दफा १० बमोजिम देहाय अनुसारको समिति गठन गरियो ।

  अध्यक्ष - श्री बासुदेव घिमिरे (नगर प्रमुख)

  **सदस्य** - श्री जगेश्वेर देवी चौधरी (नगर उप-प्रमुख)

  **सदस्य** - श्री कृष्णप्रसाद सापकोटा (प्रमुख प्रशासकीय अधिकृत

  **सदस्य** - श्री नारायण न्यौपाने (अध्यक्ष वडा नं. ९)

  **सदस्य** - श्री सुरेन्द्र श्री विश्वकर्मा (कार्यपालिका सदस्य)

  **सदस्य** - श्री गीता सापकोटा (कार्यपालिका सदस्य )

  **सदस्य** - श्री आर्थिक प्रशासन शाखा प्रमुख

  **सदस्य** - श्री योजना शाखा प्रमुख

  **सदस्य** - श्री वातावरण शाखा प्रमुख

- तिलोत्तमा नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐनको दफा १० को उपदफा (२) को अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा देहाय बमोजिमको सानिसा इकाई गठन गरियो ।

  **संयोजक** - श्री कृष्णप्रसाद सापकोटा (प्रमुख प्रशासकीय अधिकृत)

  **सदस्य** - श्री शिक्षा शाखा प्रमुख

  **सदस्य** - श्री आन्तरिक प्रशासन शाखा प्रमुख

  **सदस्य** - श्री योजना शाखा प्रमुख

**सदस्य** - श्री वातावरण शाखा प्रमुख

**सदस्य सचिव** - श्री आर्थिक विकास शाखा प्रमुख ।

निर्णय १८

- **"सबैका लागि रोजगार : संवैधानिक अधिकार"** भन्ने मूल भावनाका साथ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमका वारेमा छलफल देहाय बमोजिम निर्णय गरियो ।
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम बेरोजगार व्यक्तिहरुको सूचीमा सूचिकृत हुनको लागि निवेदन दिने सूचना यस नगरपालिकाको पत्र र वेव पेज (tilottamamun.gov.np), नेपाल सरकार, रोजगार तथा सामाजिक सुरक्षा मनत्रालयको वेव पेज (http://moless.gov.np), प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा मिति २०७५।११।२६ गतेको गोरखापत्र दैनिकबाट जानकारी लिन सबै वडा समितिले आफ्नो वडामा व्यापक रुपमा जानकारी गराउने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची-१ बमोजिमको फारम मार्फत बेरोजगारहरुको तथ्याङ्क संकलन गर्ने ।
- प्रधामन्त्री रोजगार कार्यक्रमको बारेमा थप जानकारीका लागि नगरपालिकामा खटिनु भएका रोजगार संयोजकसँग सम्पर्क गर्ने ।

निर्णय १९

- ससक्तिकरण विकास नेपाल, तानसेन पाल्पाद्धारा संचालित **"गरिवी निवारणका लागि लघु उद्यम विकास"** कार्यक्रम संचालन गर्नको लागि मानवीय विकासका दृष्टिकोणबाट पछाडि रहेको क्षेत्रलाई कार्यक्रम संचालन तोकिदिनु हुन माग गरिएको हुँदा यस नगरपालिकाको १२ नं. वडालाई उक्त कार्यक्रम संचालन गर्नको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

विविध

- मिति २०७५ फाल्गुण मसान्त भित्र योजना सम्पन्न गर्ने भनिएकोमा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सिँचाई, कृषि, शिक्षा, ह्यूमपाईप, कल्भर्ट, सार्वजनिक संरक्षण लगायत नगर प्रमुखद्धारा निर्णय गरिएका आयोजनाको हकमा चालु आ.व.को चैत मसान्तसम्म योजना सम्झौता गर्ने निर्णय गरियो । व.शी.नं. ३०१०(१) आकस्मिक पूर्वाधार योजनाको हकमा ०७६ बैशाख मसान्त सम्म सम्झौता गर्ने ।

- वडा नं.-९ का सहायक सडकहरुको राईट अफ वे वडा समितिको सिफारिस बमोजिम देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

| सि.नं. | हालको सडक र चौडाई | सडक विस्तार गर्ने चौडाइ |
|---|---|---|
| १ | विश्व शान्ति आधारभूत विद्यालय देखि पश्चिम सरस्वती चोक सम्म हाल सडकको चौडाई ७ मिटर । | १३ मिटर चौडाई र लम्बाई १५५० मिटर कायम गर्ने । |
| २ | ज्ञानोदय मार्ग हाल सडकको चौडाई ७ मिटर । | १२ मिटर चौडाइ र लम्बाइ १११५ मिटर कायम गर्ने । |
| ३ | केवालानी देखि वि.पी. गणेशमान स्मृति भवन हुँदै विश्व शान्ति स्कुल सिद्धार्थ चोक, प्रगति चोक हुँदै शान्तिनगर चोक सम्म हाल सडकको चौडाइ ७ मिटर । | ११ मिटर चौडाई र लम्बाई ४.५ कि.मि. कायम गर्ने । |

- **वडा कार्यालयबाट सिफारिस भई आएका योजनाहरुलाई देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।**

| क.सं. | सि.नं./वडा नं. | साविकको योजना र बजेट | संशोधन पछिको नयाँ योजना र बजेट |
|---|---|---|---|
| १ | वडा नं.२ शी.नं.३०१० (११) | माया देवी पथ रु.३ लाख । | नयाँ बस्ति सडक नाली सहित कालोपत्रे |
| २ | वडा नं.२ शी.नं.३०१० (२) | ह्युम पाईपमा विनियोति रु.४ लाख ५० हजार । | विद्युत पोल खरिद गर्ने २०००००।- |
| ३ | वडा नं.२ शी.नं.३०१० (७) | कल्भर्ट शिर्षकमा विनियोजित रकम रु.४ लाख । | वरपिपल पथ देखी उत्तर राजुगैरेको घर सम्म कालोपत्रेमा रु.५०,०००।- |
| ४ | वडा नं.५ शी.नं. ३०१० (१७) | सिद्धार्थ लोकमार्ग देखी पश्चिम इन्दुपथ कालोपत्रे रु.४ लाख । | धर्म पथ कालोपत्रे निर्माण । |
| ५ | वडा नं.८ शी.नं. ३०१० (१४) | ह्युम पाईपमा विनियोति रु. ५ लाख । | रु.२०००००।-विद्युत पोल खरिद गर्ने कल ६०००००।- |
| ६ | वडा नं.१३ शी.नं.३०१० (७६) | मडाहा गाउमा सडक मर्मत रु.४ लाख । | वनकट्टी विसौरिया सडक कालोपत्रे |
| ७ | वडा नं.१२ शी.नं.३०१० (४५) | विष्णुपुरा वेवरी जोडने सडक कालोपत्रे रु.३ लाख । | मकहर गाउ एरिया भित्र सडक कालोपत्रे |
| ८ | वडा नं.८ | गौशालाको लागि दाना तथा औषधी खरिद । | रु.१०००००।- |
| ९ | वडा नं.३ शी.नं. ३०१० (७) नगरस्तर | शिवथापा पथ रु.१० लाख । | नरुमल्ल पथ कालोपत्रे |
| १० | वडा नं.४ शी न शी.न. ३०१० (१५ र १६) वडास्तर | रम्भा घिमिरेको घर अगाडि कल्भर्ट निर्माण रु. ९० हजार र सितलकुञ्ज कल्भर्ट निर्माण ९० हजार । | विद्युत पोल खरिद जडानमा थप रु.१ लाख ८० हजार । |
| ११ | वडा नं ४ शी.नं. ३०२०(८) वडास्तर | सृजनशिल पथमा नाली निर्माण रु.३ लाख । | सत्यदेवी पथमा कालोपत्रे । |